**बैठक संख्या ४५** **मिति २०७६।१०। २९**

आज मिति २०७६।१०।२९ गतेका दिन दिउसो ८.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४५

मिति: २०७६।१०।२९

प्रस्तावहरु

१) समीक्षा, ................

२) वैपरीवाट बजेट विनियोजन सम्बन्धमा

३) एन सेल (NCEL) टावर राख्ने अनुमति र शुल्क सम्बन्धमा

४) सुरक्षित नागरिक आवास तथ्यांक संकलन सम्बन्धमा

५) राजश्व बाँडफाडको रकम प्रदेश सरकारमा पठाईएको सम्बन्धमा

६) सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा

७) संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गर्ने सम्बन्धमा

८) मध्यमकालिन खर्च संरचना (MTEF) तयार गर्ने सम्बन्धमा

९) वृद्ध वाटिका सहितको सुविधा सम्पन्न वृद्धा आश्रम निर्माणको लागी पगला बाबा अघोर आश्रमलाई अनुमती दिने सम्बन्धमा

१०) विद्यालय लेखापरीक्षण शुल्क तोक्ने सम्बन्धमा

११) व्यास मुर्ति निर्माणमा सहयोग गर्ने सम्बन्धमा

१२) प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको सडक छनौट सम्बन्धमा

१३ सालको रुख हटाउने सम्बन्धमा

१४) नदीघाटवाट उठेको रकमको १५ प्रतिशत रकम खर्च सम्बन्धमा

१५) वडा नं. ५ को कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा

१६) उपचार राहत खर्च सम्बन्धमा

१७) आगोलागी राहत खर्च सम्बन्धमा

१८) खेलकुद रंगशाला ( खेल ग्राम) र मानव सेवा आश्रमको लागि जग्गा व्यवस्थापन सम्बन्धमा

१९) स्थानीय तहको प्रशाासकीय भवन पूर्वाधार विकास कार्यक्रम कार्यान्वय कार्यविधि, २०७६ अनुसार

निर्णयहरु

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ, नेपाल

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश पुडेल

१) समीक्षा यस अघिका कार्यपालिकाको निर्णय र समसामयिक विषयमा कमीक्षा गरियो ।

२) भैपरीवाट बजेटवाट यस अघिको कार्यपालिकाको वैठकवाट भएको निर्णयमा संशोधित सहित तपसिल अनुसारको योजना, कार्यक्रममा विनियोजन गर्ने निर्णय गरियो ।

क) गत वर्ष काम सम्पन्न भएको तर भुक्तानी हुन नसकेको तपशिल अनुसारको योजना तथा कार्यक्रममा यस आ.व.को भैपरी शिर्षकबाट खर्च हुने रकमः

| क.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि बजार संकलन केन्द्र निर्माण | २३३,५४०.०० | |
| २ | सार्वजनिक शौचालय निर्माण | २६२,९६६.०० | |
| ३ | जैविक खेती सुन्तला बगैंचा | २५,०००.०० | |
| ४ | सिच्याङ्ग प्राथमिक स्वास्थ्य केन्द्र र राष्ट्रिय प्रा.वि.काफलडाँडा हिलटेक ट्यांक खरिद | २४,७००.०० | |
| ५ | विष्णु शैय्या टोल विकास संस्था बोरिङ्ग मर्मत | ४९,९६२.०० | |
| ६ | धर्मार्थ अस्पताल पार्क निर्माण (एस आर निर्माण सेवा) | २२६,२७८.०० | |
| ७ | ४४ नं. कित्ता देखि महिला सहकारी सम्म जाने बाटो | १५०,०००.०० | |
| ८ | वडा नं. २ खेलकुद समिति | ५०,०००.०० | |
| ९ | कोटा रंगशालामा सार्वजनिक शौचालय | २६८,०००.०० | |
| १० | खाल्टे रंगशाला | ४१५,३६५.०० | |
| ११ | वडा नं. ५ भित्री बाटो मर्मत | ३९०,०००.०० | |
| १२ | कमला एण्ड सन्स ट्रेडिङ्ग प्रा.लि. | ९५,०००.०० | |
| १३ | घण्टाचुली विस्तृत परियोजना प्रतिवेदन तथा पूजिगत परामर्श | ४८५,०००.०० | |
| | जम्मा | २,६७५,८११.०० | |

ख) यस आ.व. मा नगरी नहुने तपशिल अनुसारको योजना तथा कार्यक्रममा यस आ.व. को भैपरी शिर्षकको १५२०००००/- मध्येबाट खर्च गरी योजना तथा कार्यक्रम सम्पन्न गर्ने

| क.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बसन्तपुर टोलको बाटो निर्माण | ११८,७५५.०० | |
| २ | डड्डाधारी काफलडाँडा गाईघाट पहिरो सरसफाई | १५४,०००.०० | |
| ३ | बलेश्वर आश्रमको कल्पवास संरक्षणको कम्पाउण्ड वाल निर्माण | ३००,०००.०० | |
| ४ | काफलडाँडा गुम्बा निर्माण | १९६,०८९.०० | |
| ५ | खाल्टे स्वास्थ्य शिविर | ६६,७५०.०० | |
| ६ | माग्दी खाल्टे ग्रामिण मोटर मार्ग मर्मत | ६४८,२३१.०० | |
| ७ | देवघाट खेलकुद समिति | ५०,०००.०० | |
| ८ | स्वास्थ्य कार्यक्रम | ५६,०००.०० | |
| ९ | सिद्ध महाकाली अनुदान | ६००,०००.०० | |
| १० | प्रदेश सरकारमा राजश्व बाँडफाँड | २,७००,०००.०० | |
| ११ | परामर्श पूँजिगत | ७६८,४००.०० | |
| १२ | कोटा शौचालय निर्माण | २८३,०००.०० | |
| १३ | ५ नं. वडा कार्यालयको शौचालय निर्माण सम्पन्न गर्ने | ३९,७०९.०० | |

रमेश सुवेदी

दुर्गा बहादुर थापा

| | | | |
|---|---|---|---|
| ३४ | वडा नं. ५ को देवघाट धार्मिक क्षेत्र समेत समेटिने विस्तृत परियोजना प्रतिवेदन तयारी | ८५०,०००.०० | |
| ३५ | वडा नं. ५ बसपार्क निर्माण तथा सो स्थल देखि पूर्व तिरको खोल्सा पुर्ने काम | २००,०००.०० | |
| ३६ | हाटबजारमा कोठा निर्माण र हाट बजार क्षेत्रमा तारबार | ५००,०००.०० | |
| ३७ | लागत ईस्टिमेटको आधारमा सबै वडाहरुको एकिकृत नागरिक सेवा केन्द्र निर्माण तथा मर्मत सम्भार र सञ्चालन सामग्री तथा जनशक्ती खर्च | ५०,०००.०० | |
| ३८ | बाटो मर्मतका लागि मर्मत सम्भार कोष | ८३८,२५५.०० | |
| ३९ | गाउँपालिकाको आधारभूत डिजिटल वस्तुगत विवरण निर्माण अभिलेख र व्यवस्थापन | १,३००,०००.०० | |
| ४० | विभिन्न ठाउँमा सडक बत्ती जडान | १००,०००.०० | |
| ४१ | वडा नं. ४ सिंच्याङ्ग, पार्लाङ्ग सडक, वडा नं. ५ भर्जन खोला खेल मैदान, दासढुङ्गा पार्क, मधु कवर्ड हल र सबै वडाहरुका खानेपानी योजना, सिंचाई योजना, पार्क लगायतका अन्य आवश्यक योजना आवश्यक ठाउँमा आवश्यकता अनुसार प्रारम्भिक वातावरणिय परीक्षण र विस्तृत परियोजना प्रतिवेदन र आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन तथा कुल लागत अनुमान तयारी | १,९००,०००.०० | |
| ४२ | चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २९ र आँबुखैरेनी गाउँपालिका जोड्ने घुमाउने घाट पुलमा जानको लागि पुल वारी पट्टी मोटर साईकल जाने बाटो मर्मत रेलिङ्ग तथा ढलान गर्ने | ३००,०००.०० | |
| ४३ | बसन्तपुर खेल मैदान वडा नं. ५ | २०,०००.०० | |
| ४४ | देउती खोला खर्कमुल खानेपानी भवन | ३५०,०००.०० | |
| ४५ | वडा नं. १ माझ चौतारो मर्मत | ९५,०००.०० | |
| ४६ | सबै वडाहरुमा हेलि प्याड निर्माण मर्मत चिन्ह निर्माण | ४०,०००.०० | |
| | **जम्मा** | १२,५२४,१८९.०० | |
| | **कुल जम्मा** | १५,२००,०००.०० | |

३) देवघाट गाउँपालिका वडा नं. ५ मा एन सेल (NCEL) टावर राख्नको लागि रु. १००००। ( दश हजार ) शुल्क लिई अनुमति दिने निर्णय गरियो ।

४) सबै वडा कार्यालयहरुले सुरक्षित नागरिक आवासको लागी खरको घरहरुको तथ्यांक संकलन गरी यथा शिघ्र गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

५) गत आ.व.मा देवघाट गाउँपालिकावाट नदीघाटवाट उठेको राजश्व मध्ये गण्डकी प्रदेश सरकारमा पठाईएको रु. २७०००००। ( सत्ताईस लाख ) रकमे अनुमोदन गरियो ।

६) विद्यालयमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धमा तपसिल अनुसार समिति गठन गरियो ।

तपसिल

क) गाउँपालिका उपाध्यक्ष श्री विमला थापा –संयोजक

ख) कार्यपालिका सदस्य श्री यम माया गरुङ्ग –सदस्य

रमेश सुवेदी

दुर्ग बहादुर थापा

ग) स्वास्थ्य इकाई प्रमुख —सदस्य

घ) विद्यालयका सम्पर्क व्यक्ति श्री मञ्जु कुमारी गुरुङ्ग —सदस्य

ङ) विद्यालयका सम्पर्क व्यक्ति श्री रनमाया गुरुङ्ग —सदस्य

च) लैंगिक समानता ईकाई प्रमुख —सदस्य

छ) आधारभुत तथा माध्यमिक शिक्षा ईकाई प्रमुख —सदस्य सचिव

७) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ अनुसार देवघाट गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गरी आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

८) गाउँपालिकाको महत्वपुर्ण योजना तथा कार्यक्रममा स्रोत सुनिश्चितताको लागी र बजेट तथा योजना तर्जुमा प्रकीया अनुसार मध्यमकालिन खर्च संरचना (MTEF) तयार गर्ने निर्णय गरियो ।

९) देवघाट गाउँपालिका वडा नं. ५ पगला बाबा अघोर आश्रमको क्षेत्र भित्र वृद्ध आश्रम, कुटी र वाटिका र पूजा मठ, भजन किर्तन गर्न मिल्ने गरी भौतिक निर्माणको लागि अनुमति माग गरेकोले सार्वजनिक उपयोगको लागि हुने गरी माग बमोजिमको भौतिक संरचना निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

१०) विद्यालयहरुको लेखापरीक्षण गर्न खटाईएका लेखापरीक्षकले पहिलो रु.१०,००,०००। (दश लाख) सम्म ५०००। (पाँच हजार) र त्यस पछि अधिकतम प्रति हजारमा २० (वीस) पैसा शुल्क तोक्ने निर्णय गरियो ।

११) तनहुँ जिल्ला व्यास नगरपालिकामा निर्माण गरिने व्यास मुर्ति निर्माणमा यस गाउँपालिकावाट रु. १११११११। नगद सहयोग भुक्तानी दिने निर्णय गरियो ।

१२) देवघाट गाउँपालिका वडा नं. ४ गाईघाट देखि काफलडाँडा हुँदै वडा नं. ३ छिपछिपे हुँदै रिसिङ्ग गाउँपालिका सम्मको सडकलाई दुई गाउँपालिका जोड्ने सडक र वडा नं. २ त्रिशुली नदी किनार मास्दीघाट देखि वडा नं. २ खाल्टे सडकलाई वहु वडा र गाउँपालिका केन्द्र जोड्ने (जसले वडा नं. २ मास्दीघाटवाट शालीग्राम करिडोर खण्ड हुँदै वडा नं. १ र वडा नं. ५ को गाउँपालिका केन्द्र जोड्छ ) सडकको रुपमा स्विकृत गर्ने निर्णय गरियो साथै उक्त दुवै सडकको विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

१३) देवघाट गाउँपालिकाको वडा नं. ५, गलेश्वर चोकवाट टाउनचोक हुँदै देउपुर सम्मको वाटोमा यातायातको लागी अवरोध भएकोले २४ वटा करिव २९२०.१४ क्यू.फिट सालको रुख हटाईदिन सव डिभिजन वन कार्यालय देवघाट मार्फत डिभिजन वन कार्यालय तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

१४) यस आ.व.मा नदीघाटवाट उठेको रकमको आवश्यकता अनुसार अधिकतम १५ प्रतिशत रकम सोही क्षेत्रको विकासको लागि खर्च गर्ने निर्णय गरियो ।

१५) वडा नं. १ (साविक कोटा गा.वि.स.) को नाममा रहेको ५ रोपनी जग्गामा वडा कार्यालय भवन र सार्वजनिक जग्गामा वनेको साविक देवघाट गा.वि.स.को कार्यलय रहेको करिव १३ रोपनी जग्गामा वडा नं. ५ को कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो । साथै उक्त दुवै वडा कार्यालय भवनको विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने निर्णय गरियो

१६) वडा नं. २, खाल्टे निवासी अन्जु परियार विरामी भई उपचार गराउँदा धेरै खर्च भएको तर निजको आर्थिक अवस्था कमजोर भएकोले निजलाई उपचार राहत खर्च स्वरुप रु. २००००। नगद भुक्तानी दिने निर्णय गरियो ।

१७) वडा नं. २, पदम वहादुर गुरुङ्ग घर आगोलागीले ध्वस्त भएकोले राहत खर्च रु. १५०००। र आवश्यक सामान र तत्काललाई खाद्यान्न उपलब्ध गराउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४

१८) देवघाट १, कोटामा रहेको गाउँपालिकास्तरीय खेलकुद रंगशाला ( खेल ग्राम) को लागि DPR भएकोमा सो क्षेत्र देखि दायाँको सार्वजनिक जग्गा समेत समेती १०० रोपनी जग्गा खेलकुद रंगशाला ( खेल ग्राम) को लागि कायम गर्ने तथा मानव सेवा आश्रम, अपाङ्ग र परोपकार समितिको लागि वडा नं. १ कोटामा एकै ठाउँमा जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो ।

१९) स्थानीय तहको प्रशाासकीय भवन पूर्वाधार विकास कार्यक्रम कार्यान्वय कार्यविधि, २०७६ अनुसार देवघाट गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४